## पुर्चौडी नगर कार्यपालिकाको ८५ औं बैठकको उपस्थिती :

### बैठक नं - १

आज मिति २०८१ साल चैत्र १६ गते शनिबारका दिन यस पुर्चौडी नगरपालिकाका आदरणीय नगर प्रमुख श्री दीपक बहादुर बम ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ८५ औं बैठक बसी तपसिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुज्यूको समुपस्थितीमा तपसिलका प्रस्तावहरु उपर आवश्यक छलफल गरि निम्न बमोजिमका निर्णयहरु पारित सर्व-सहमतीबाट गरियो ।

| सि नं | पदाधिकारीहरुको नाम थर | पद | स्थायी ठेगाना | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री दीपक बहादुर बम | नगर प्रमुख | पु.न.पा. १ | 9858423505 | |
| २ | श्रीमती मिना धानुक | नगर उप प्रमुख | पु.न.पा. १ | 9858490144 | |
| ३ | श्री गणेश बहादुर गडाल | वडा अध्यक्ष | पु.न.पा. १ | 9868779155 | |
| ४ | श्री चक्र बहादु बम | वडा अध्यक्ष | पु.न.पा. २ | 9864654086 | |
| ५ | श्री खगेन्द्र बहादुर बोहरा | वडा अध्यक्ष | पु.न.पा. ३ | 9868774231 | |
| ६ | श्री दिल बहादुर धानुक | वडा अध्यक्ष | पु.न.पा. ४ | 9848533483 | |
| ७ | श्री नागी सिँह खडायत | वडा अध्यक्ष | पु.न.पा. ५ | 9863098440 | |
| ८ | श्री नरेन्द्र बहादुर साउद | वडा अध्यक्ष | पु.न.पा. ६ | 9848996546 | |
| ९ | श्री धिरेन्द्र बहादुर बम | वडा अध्यक्ष | पु.न.पा. ७ | 9848901981 | |
| १० | श्री विर बहादुर बोहरा | वडा अध्यक्ष | पु.न.पा. ८ | 9848787214 | |
| ११ | तनश्री रम्बा बोहरा | वडा अध्यक्ष | पु.न.पा. ९ | 9868593896 | |
| १२ | श्री हिक्मत बहादुर विष्ट | वडा अध्यक्ष | पु.न.पा. १० | 9868494753 | |
| १३ | श्री ऐते लुहार | दलित सदस्य | पु.न.पा. ३ | 9742915012 | |
| १४ | श्री अस्मिता पार्की | दलित सदस्य | पु.न.पा. ५ | 9868306062 | |
| १५ | श्री बागमति लुहार चुनारा | दलित सदस्य | पु.न.पा. ४ | 9865886573 | |
| १६ | श्री मानमति बम चन्द | महिला सदस्य | पु.न.पा. ८ | 9868592346 | |
| १७ | श्री प्रमिला साउद | महिला सदस्य | पु.न.पा. ६ | 9745584311 | |
| १८ | श्री लक्ष्मी विष्ट | महिला सदस्य | पु.न.पा. १० | 9865645722 | |
| १९ | श्री धाना कुमारी महरा ऐर | महिला सदस्य | पु.न.पा. ७ | 9865679914 | |
| २० | श्री थेपडी धामी | महिला सदस्य | पु.न.पा. १ | 9869505892 | |
| २१ | श्री जगदिश प्रसाद जोशी | सदस्य सचिव | दोगडाकेदार ३ | 9848841745 | |
| २२ | श्री कर्ण बहादुर धानुक | का.बा. वडाध्यक्ष | पु.न.पा.२ | ९७४२४०१७७३ | |
| २३ | श्री अम्मर सिहँ साउद | का.बा. वडाध्यक्ष | पु.न.पा ६ | [illegible] | |
| | | | | | |
| | | | | | |

**कार्यपालिका बैठक २०८१ चैत्र १६ गते  कार्यपालिका बैठक**

**प्रस्तावहरु**

प्रस्ताव नं.१ नापी र.मालपोत कार्यालय स्थापना गर्ने सन्वन्धमा।

प्रस्ताव नं.२ पन्ध्र सैय्या अस्पत्तालको म्याद थप गर्ने सम्वन्धमा।

प्रस्ताव नं.३ उपभोक्ता समितिबाट निर्माण खरिद गर्ने सम्वन्धमा।

प्रस्ताव नं.४ जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड सञ्चालन सम्वन्धमा।

प्रस्ताव नं. ५ स्वास्थ्य शिविर सञ्चालन सम्वन्धमा।

प्रस्ताव नं.६ पकेट क्षेत्र सञ्चालन सम्वन्धमा।

प्रस्ताव नं.७ भूक्तानी सम्वन्धमा।

प्रस्ताव नं ८· प्रतिबद्धता सम्वन्धमा।

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

## कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं.१** प्रस्ताव नं.१ माथि आवश्यक छलफल गर्दा पुर्चौडी नगरपालिका भौगोलिक दृष्टिबाट जिल्लाको टाढा रहेको नगरपालिका भएको हुँदा यहाँका नागरिकहरुलाई नापी तथा मालपोत सम्वन्धी सेवाहरु प्राप्त गर्नका लागि असहजता भएको व्यहोरा छ। त्यसका लागि यस नगरपालिकाको केन्द्र रहेको पुर्चौडी हाँट मा नापी र मालपोत कार्यालय स्थापना गरी यस नगरपालिकाका सेवाग्राहिको सेवा प्रणालीमा सहजता गरिदिन सिफारिस गर्ने निर्णय सर्वसम्मत्तिले पारीत गरियो।

**निर्णय नं.२** प्रस्ताव नं.२ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकाको वडा नं.३ न्वादेउ स्थीत निर्माणाधिन **पन्ध्र सैय्या न्वादेउ अस्पत्ताल**को मिति २०८२ असाढ २४ गते सम्म यस नगरपालिकालाई कुनै पनि किसिमका थप आर्थिक व्ययभारहरु नपर्ने गरी **म्याद थप** गर्ने निर्णय सर्वसम्मतिले पारीत गरियो।

**निर्णय नं.३** प्रस्ताव नं.३ माथि आवश्यक छलफल गर्दा संघीय सरकार सशर्त अनुदान अन्तर्गत अख्तियारी प्राप्त ५०००००0।००(अक्षेरुपी पचास लाख मात्र) **धामिगाँउ बाईम मनेकुडा नुवाकोट तल्लादेही सडक स्तरोन्नती** आयोजना समयको सीमितताका कारण उपभोक्ता समितिबाट निर्माण खरिद गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय सर्वसम्मतिले पारीत गरियो।

**निर्णय नं.४** प्रस्ताव नं.४ माथि आवश्यक छलफल गर्दा प्रतिभावान खेलाडीहरुको पहिचान तथा संरक्षण र विकास गर्ने उद्देस्यले जिल्ला खेलकुद समितिको आयोजनामा सञ्चालन हुने १५ औ राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगिताको पुर्चौडी नगरपालिका सह- आयोजक भई मिति २०८२ बैशाख ३, ४ र ५ गते पुर्चौडी हाँटमा सञ्चालनमा गरिने र यसका लागि जिल्ला खेलकुद विकास समिति सँग सम्झौता गर्ने अधिकार नगर प्रमुखलाई दिने निर्णय सर्वसम्मतिले पारीत गरियो।

**निर्णय नं.५** प्रस्ताव नं.५ माथि आवश्यक छलफल गर्दा पुर्चौडी नगरपालिकाको पहल र बैतडी समाज कैलालीको सहयोगमा मिति २०८२ बैशाख ५ गतेदेखि पुर्चौडी हाँटमा तीन दिनको वृहत स्वास्थ्य शीविर सञ्चालन गर्ने निर्णय सर्वसम्मत्तिले पारीत गरियो।

**निर्णय नं.६** प्रस्ताव नं.६ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकाले संघीय सरकारको सशर्त कार्यक्रम अन्तर्गत बाख्रा पकेट सञ्चालन कार्यक्रमको लागि

नगर प्रमुख

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल अनुसार सूचना आह्वान गरी रितपुर्वक पर्न गएका प्रस्तावहरुको प्राविधिक समितिबाट जाँचबुझ तथा मूल्याङ्कन गरी समितिले पेश गरेको प्राथमिकतामध्ये पहिलो प्राथमिकता र चौथो प्राथमिकतालाई समावेश गरी बाख्रा पकेट क्षेत्र निर्माण गर्ने र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल अनुसार कार्यान्वयन गर्ने निर्णय सर्वसम्मत्तिले पारीत गरियो।

**निर्णय नं.७** प्रस्ताव नं.७ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकामा आर्थिक वर्ष २०७९/८० र आर्थिक वर्ष २०८०/८१ मा प्रचलित कानून बमोजिम खरिद गरिएका जिन्सी समानहरुको भूक्तानी गर्नका लागि स्रोत प्रवन्ध गरी नियमानुसार रकम भूक्तानी गर्ने निर्णय सर्वसम्मत्तिले पारीत गरियो।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ८ – प्रस्ताव नं ८ उपर आवश्यक छलफल गर्दा यस पुर्चौंडी नगरपालिकामा रहेको त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस **पुर्चौंडी बहुमुखि क्याम्पस**को भौतिक पूर्वाधार निर्माण तथा विकासका लागि भारतीय दुतावासमा पेश गरेको प्रस्तावना बमोजिम १० (दश) प्रतिशत नबढ्ने गरी यस नगरपालिकाबाट लागत साझेदारी गर्ने निर्णय सर्व-सम्मतीले पारित गरियो ।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत